**सन्धिखर्क नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सन्धिखर्क, अर्घाखाँची**

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८०।०५।२७

सन्धिखर्क नगरपालिका अर्घाखाँचीले उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेशसँगको सहकार्यमा वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सञ्चालन गर्न तथा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रम एवम् मनोसामाजिक परामर्श सेवा सञ्चालन गर्न लागेको र सोको लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र माग गरिएको विवरण तथा कागजातहरू र दरखास्त दस्तुर बुझाएको रसिद सहित सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दरखास्त फाराम पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र. सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | २ (एक जना महिला अनिवार्य) | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्ती ३ वर्षको कार्यानुभव भएको। कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excell, power point, Email/internet आदि) भएको। साथै स्थानीय भाषा जानेको तथा सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकालाई प्राथमिकता दिईनेछ। |
| २ | मनोसामाजिक परामर्शकर्ता | १ (महिलालाई प्राथमिकता) | मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको मनोसमाजिक परामर्शकर्ता सम्बन्धी तालिम पाठ्यक्रमले तोकेको निम्नानुसारको योग्यता भएको हुनु पर्नेछ।<br>▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, नर्सिङ्ग, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्क, बि.एड. स्वास्थ्य शिक्षा बिषयमा स्नातक तह उत्तीर्ण गरी पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ समेत उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र प्राप्त गरेकोलाई विशेष प्राथमिकता दिईनेछ।<br>▪ कम्प्यूटर सम्बन्धी आधारभुत ज्ञान तथा अनुभव (Word, Excell, power point, Email/internet आदि) भएको। |

**कार्य अवधिः** हाललाई २०८१ असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन अनुसार नवीकरण हुन सक्नेछ।
**परीक्षाको किसिम** : प्रारम्भिक छनोट, लिखित, अन्तवार्ता र प्रयोगात्मक। लिखित, अन्तवार्ता र प्रयोगात्मक परीक्षाको मिति पछि प्रकाशित गरिनेछ।
**तलव तथा अन्य सुविधा** : कार्यक्रमको नियमानुसार।
**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, कम्तीमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई दरखास्त फाराम भरी पेश गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**दरखास्त दस्तुरः** रू. ५०० (पाँच सय रुपैयाँ मात्र)

**छनौट प्रक्रियाः** प्रारम्भिक छनौटमा उत्तीर्ण उम्मेदवारहरुलाई मात्र लिखित, अन्तरवार्ता र प्रयोगात्मक परीक्षामा सम्मिलित गराईने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेको वर्ग खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुलाई प्राथमिकता दिईनेछ।

**दरखास्त दिने अन्तिम मितिः** २०८०।०६।१० गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

**पदपुर्ति समिति**
**सन्धिखर्क नगरपालिका, अर्घाखाँची**